दुल्लू नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ६ | संख्या : २३ | २०७९ साल पौष १८ गते


## भाग : २

दुल्लू नगरपालिका, नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## नरेश्वर उद्यमशील विद्यालय (सञ्चालन र व्यवस्थापन) सम्बन्धी कार्यविधि, २०७९

प्रस्तावनाः दुल्लू नगरपालिकाको शिक्षा ऐन, २०७६ को दफा ११ र १०३ मा गरिएको व्यवस्थालाई कार्यान्वय मार्फत सार्वजनिक शिक्षाको सवलीकरण, शैक्षिक रुपान्तरण, नवप्रवर्तन र उद्यमशिलता विकासका लागि विद्यालय शिक्षामा प्राविधिक, व्यवसायिक, सीपमूलक, रोजगारमूलक एवम् प्रतिस्पर्धी जनशक्ति विकास गर्न यस नगरपालिका वडा नं. २ मा सञ्चालित श्री नरेश्वर उद्यमशील विद्यालयलाई निर्धारित साधारण शिक्षा सहित उद्यमशील विद्यालयको रुपमा सञ्चालनको लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ र दुल्लू नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन ,२०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी दुल्लू नगर कार्यपालिकाको मिति २०७९।०९।११ गतेको वैठकबाट "नरेश्वर उद्यमशील विद्यालय (सञ्चालन र व्यवस्थापन) सम्वन्धी कार्यविधि, २०७९" पारित गरी लागु गरिएको छ ।

### परिच्छेद-१

### प्रारम्भिक

१. सङ्क्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "नरेश्वर उद्यमशील विद्यालय (सञ्चालन र व्यवस्थापन) सम्वन्धी कार्यविधि, २०७९" रहेको छ ।



CamScanner

(२) यो कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

(क) "अभिभावक" भन्नाले दुल्लू नगरपालिका वडा नं. २ मा सञ्चालित श्री नरेश्वर उद्यमशील विद्यालयमा आफ्ना वालवालिका अध्यापन गराउने तथा विद्यालयको अभिलेखमा अभिभावक भनी जनिएको व्यक्ति सम्झनु पर्दछ ।

(ख) "उद्यम विकास शाखा" भन्नाले दुल्लू नगरपालिकाको उद्यम विकास शाखा सम्झनु पर्दछ ।

(ग) "उद्यशीलता" भन्नाले यस कार्यविधिको दफा ५ मा उल्लेख गरिएका क्षेत्रहरुमा सैद्धान्तिक, प्रयोगात्मक, व्यवहारिक तथा व्यवसायिक ज्ञान तथा सीप उपलब्ध गराउने कार्य सम्झनु पर्दछ ।

(घ) "उद्यमशीलता प्रवर्द्धन कोष" भन्नाले यस कार्यविधिको दफा १३ बमोजिम स्थापना गरिएको कोष सम्झनु पर्दछ ।

(ङ) "उद्यमशील विद्यालय" भन्नाले दुल्लू नगरपालिकाको शिक्षा ऐन, २०७६ को दफा २ को खण्ड (क्ष) बमोजिमको विद्यालय सम्झनु पर्दछ ।

(च) "उद्यमशील विद्यालय व्यवस्थापन समिति" भन्नाले यस कार्यविधिको दफा ६ बमोजिमको उद्यमशील विद्यालय व्यवस्थापन समिति सम्झनु पर्दछ ।

(छ) "उद्यमी समूह" भन्नाले यस कार्यविधिको दफा १२ बमोजिम गठन भएका उद्यमी समूहहरु सम्झनु पर्दछ ।

(ज) "उप प्रमुख" भन्नाले दुल्लू नगरपालिकाको उप प्रमुख सम्झनु पर्दछ।

(झ) "ऐन" भन्नाले दुल्लू नगरपालिकाको शिक्षा ऐन, २०७६ (संशोधन सहित) सम्झनु पर्दछ ।

(ञ) "कृषि विकास शाखा" भन्नाले दुल्लू नगरपालिकाको कृषि विकास शाखा सम्झनु पर्दछ ।

(ट) "तोकिए वा तोकिए बमोजिम" भन्नाले दुल्लू नगर कार्यपालिका तथा नगर शिक्षा समितिले वेला वेलामा निर्णय गरी तोकेका विषयहरु सम्झनु पर्दछ ।

(ठ) "नगरपालिका" भन्नाले दुल्लू नगरपालिका सम्झनु पर्दछ ।

(ड) "नगर प्रमुख" भन्नाले दुल्लू नगरपालिकाको नगर प्रमुख सम्झनु पर्दछ ।

(ढ) "नगर शिक्षा समिति" भन्नाले दुल्लू नगरपालिकाको नगर शिक्षा समिति सम्झनु पर्दछ ।

(ण) "पशुपञ्क्षी विकास शाखा" भन्नाले दुल्लू नगरपालिकाको पशुपञ्क्षी विकास शाखा सम्झनु पर्दछ ।

(त) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले दुल्लू नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(थ) "पूर्वाधार विकास शाखा" भन्नाले दुल्लू नगरपालिकाको पूर्वाधार विकास शाखा सम्झनु पर्दछ ।

(द) "विधार्थी उद्यमी क्लव" भन्नाले यस कार्यविधिको दफा १० बमोजिम विद्यालयमा गठन गरिएको क्लव सम्झनु पर्दछ ।

(ध) "वडा अध्यक्ष" भन्नाले दुल्लू नगरपालिका वडा नं. २ का निर्वाचित वडा अध्यक्ष सम्झनु पर्दछ ।



CamScanner

(न) "वडा सदस्य" भन्नाले दुल्लू नगरपालिका वडा नं. २ का निर्वाचित वडा सदस्यहरु सम्झनु पर्दछ ।

(त्र) "वडा समिति" भन्नाले दुल्लू नगरपालिका वडा नं. २ का निर्वाचित वडा अध्यक्ष र सदस्यहरु सहितको वडा समिति सम्झनु पर्दछ ।

(प) "विद्यालय" भन्नाले दुल्लू नगरपालिका वडा नं. २ प्रभुस्थानमा सञ्चालित श्री नरेश्वर उद्यमशिल विद्यालय सम्झनु पर्दछ ।

(फ) "शिक्षा अधिकारी" भन्नाले दुल्लू नगरपालिकाको शिक्षा ऐन, २०७६ को दफा २ को खण्ड (क) बमोजिमको कर्मचारी सम्झनु पर्दछ ।

(ब) "शिक्षा, युवा तथा खेलकुद शाखा" भन्नाले दुल्लू नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनु पर्दछ ।

३. **उद्देश्य :** दुल्लू नगरपालिका वडा नं. २ मा रहेको श्री नरेश्वर उद्यमशील विद्यालयलाई निर्धारित साधारण शिक्षाका अतिरिक्त व्यवसायिक तथा प्राविधिक शिक्षा प्रदान गर्ने उद्यमशील विद्यालयको रुपमा सञ्चालन गर्नु यस कार्यविधिको मुख्य उद्देश्य रहेको छ भने अन्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

(क) शैक्षिक संस्था मार्फत आर्थिक तथा सामाजिक रुपान्तरण गर्नु,

(ख) शैक्षिक संस्थालाई उद्यम गर्ने सिकाई स्थलको रुपमा विकास गर्नु,

(ग) सार्वजनिक शिक्षामा गुणस्तर, नवप्रवर्तन तथा उद्यमशीलता विकास गरी शैक्षिक रुपान्तरण गर्नु,

(घ) सार्वजनिक शिक्षाको सवलीकरण गर्नु,

(ङ) कमाउँदै पढ्दै (Earning and Learning) अवधारणालाई व्यवहारमा लागु गर्ने,

(च) सैद्धान्तिक ज्ञान सँगसँगै प्रयोगात्मक र सीपमूलक ज्ञानलाई एकिकृत रुपमा विकास गर्नु ।

४. **उद्यमशील विद्यालयको रुपमा सञ्चालन गर्ने :** (१) दुल्लू नगरपालिकाले श्री नरेश्वर उद्यमशील विद्यालयलाई निर्धारित साधारण शिक्षाका अतिरिक्त व्यवसायिक तथा प्राविधिक शिक्षा प्रदान गर्ने उद्यमशील विद्यालयको रुपमा सञ्चालन गर्नेछ ।

५. **उद्यमशीलताका क्षेत्र :** दफा ४ बमोजिम सञ्चालन हुने उद्यमशील विद्यालयले उद्यम गर्न सकिने क्षेत्रहरु देहाय बमोजिम हुनेछन् :

(क) कृषि तथा पशुपन्छीमा आधारित उद्यम व्यवसाय,

(ख) वन (जडिबुटी तथा वनपैदावार)मा आधारित उद्यम व्यवसाय,

(ग) विज्ञान तथा सूचना प्रविधि र सञ्चारमा आधारित उद्यम व्यवसाय,

(घ) पर्यटन प्रवर्द्धन (होटल, होमस्टे, रिसोर्ट) मा आधारित उद्यम व्यवसाय,

(ङ) निर्माणमा आधारित उद्यम व्यवसाय,

(च) कलामा आधारित उद्यम व्यवसाय,

(छ) संस्कृति, साहित्य सृजना, गीत संगितमा आधारित भई गरिने उद्यम व्यवसाय,

(ज) विद्यालयले आवश्यकता महसुस गरेका तथा स्थानीय सम्भाव्यतामा आधारित अन्य उद्यम व्यवसाय,



CamScanner

६. **उद्यमशील विद्यालय व्यवस्थापन समिति सम्वन्धी व्यवस्था :** (१) यस कार्यविधिको उद्देश्य बमोजिम उद्यमशील विद्यालय सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आवश्यक कार्यहरु गर्नको लागि नगरपालिकामा देहाय बमोजिमको उद्यमशील विद्यालय व्यवस्थापन समिति रहनेछ :

(क) नगर प्रमुख वा नगर प्रमुखले तोकेको व्यक्ति - अध्यक्ष
(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
(ग) वडा अध्यक्ष - सदस्य
(घ) शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख - सदस्य
(ङ) पूर्वाधार विकास शाखा प्रमुख - सदस्य
(च) उद्यम विकास शाखा प्रमुख - सदस्य
(छ) कृषि विकास शाखा प्रमुख - सदस्य
(ज) पशुपञ्क्षी विकास शाखा प्रमुख - सदस्य
(झ) उद्योग वाणिज्य संघको अध्यक्ष - सदस्य
(ञ) विद्यालयका अभिभावकहरु मध्ये अध्यक्षले मनोनित गरेका १ जना महिला, १ जना दलित सहित ३ जना - सदस्य
(ट) नरेश्वर उद्यमशील विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (ञ) बमोजिम मनोनित सदस्यहरुको पदावधि मनोनित भएको मितिले ३ वर्षको हुनेछ ।

७. **उद्यमशील विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :** दफा ६ बमोजिमको उद्यमशील विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार दुल्लू नगरपालिकाको शिक्षा ऐन, २०७६ को दफा ३४ मा उल्लेखित काम, कर्तव्य र अधिकारहरुका अतिरिक्त देहाय अनुसार हुनेछ :

(क) उद्यमशील विद्यालय सञ्चालनको लागि आवश्यक नीति तथा मापदण्डहरु तयार गरी स्वीकृतिका लागि नगर कार्यपालिकामा पेश गर्ने,

(ख) विद्यालयका विद्यार्थी, अभिभावक र समुदायसँग छलफल तथा अन्तरक्रिया गरेर उनीहरुको विचार तथा मनसाय वुझ्ने,

(ग) विषयगत विष्लेषण तथा क्षेत्रगत अवलोकनबाट प्राप्त जानकारीका आधारमा प्रतिवेदन तयार गरी नगर कार्यपालिकामा पेश गर्ने,

(घ) उद्यमशील विद्यालय सञ्चालनको कम्तिमा चौमासिकरुपमा अनुगमन गरी सोको प्रतिवेदन नगर कार्यपालिका समक्ष पेश गर्ने,

(ङ) कुनै कारण उपसमिति गठन गर्नु परेमा निर्देशक समितिको वैठकबाट निर्णय गरेर निश्चित समय र उद्देश्यका लागि गठन गर्न सकिनेछ । उक्त समिति काम सकिएपछि स्वत भङ्ग हुनेछ ।

८. **उद्यमशील विद्यालय व्यवस्थापन समितिको बैठक र कार्यविधि :**

(क) उद्यमशील विद्यालय व्यवस्थापन समितिको वैठक संयोजकले तोके अनुसारको मिति, समय र स्थानमा हुनेछ ।

(ख) समितिको बैठक तीन महिनामा कम्तिमा एक पटक बस्नु पर्नेछ । तर आवश्यकताका आधारमा धेरै पटक पनि बस्नेछ ।

(ग) कुल सदस्य संख्याको ५१ प्रतिशत सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिने छ ।

(घ) बैठकको अध्यक्षता संयोजकबाट हुनेछ । तर कारणवश अध्यक्ष जानकारीमा बाहिर रहेको अवस्थामा बैठक बस्न परेमा समितिको जेष्ठ सदस्यको अध्यक्षतामा बैठक बस्न सकिनेछ ।

(ङ) समितिले पहिलो बैठकबाट अन्य आवश्यक कार्यविधि तय गर्न सक्नेछ ।

(च) समितले आवश्यक अनुसार अन्य विषयगत क्षेत्रका विज्ञहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

९. **उद्यमशील कार्यक्रमको लागि लक्षित समूह :** उद्यमशील कार्यक्रमको लागी लक्षित समूह श्री नरेश्वर उद्यमशील विद्यालयमा कक्षा ९ देखि १२ सम्म अध्ययनरत विद्यार्थीहरु हुनेछन् ।कक्षा ८ सम्म उद्यमशीलता प्रवर्द्धन सम्वन्धी अवधारणागत तथा सैद्धान्तिक र व्यवहारिक ज्ञान प्रदान गरी विधार्थीहरुमा श्रम प्रतिको सम्मान तथा उद्यमशील व्यवहारको विकास एवम् उद्यमी बन्ने भावनाको विकास गरिनेछ भने कक्षा ९ देखि विधार्थीको रुचि तथा सम्भाव्यता अनुसारको उद्यम तथा व्यवसायको छनौट गर्न लगाई प्रयोगात्मक, व्यवहारिक तथा व्यवसायिक शिक्षाको शूरुवात गरिने छ ।

१०. **बिधार्थी उद्यमी क्लव सम्वन्धी व्यवस्था :** (१) नरेश्वर उद्यमशील विद्यालयमा कक्षा ९, १०, ११ र १२ मा अध्ययनरत बिधार्थीहरुको सहभागितामा अध्यक्ष, सचिव र कोषाध्यक्ष सहित कम्तिमा ११ सदस्यीय एक बिधार्थी उद्यमी क्लव गठन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको बिधार्थी उद्यमी क्लवको गठन गर्दा कम्तिमा ४ जना छात्रा सहित दलित, जनजाति लगायतको समानुपातिक सहभागिता हुनेगरी गठन गर्नु पर्नेछ भने अध्यक्ष, सचिव र कोषाध्यमा एक जना छात्रा अनिवार्य हुनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको क्लवको पदावधि क्लव गठन भएको मितिले १ वर्षको हुनेछ ।

११. **बिधार्थी उद्यमी क्लवको काम, कर्तव्य र अधिकार :** यस कार्यविधिको दफा १० बमोजिम गठन गरिएको बिधार्थी उद्यमी क्लवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) उद्यमशील कार्यक्रमको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्ने,

(ख) उद्यमशील कार्यक्रम सञ्चालनको लागि सरोकारवालाहरुसँग सहकार्य, समन्वय र साझेदारी गर्ने,

(ग) उद्यमशील कार्यक्रमको कार्ययोजना बनाई लागु गर्ने,

(घ) उद्यमशील कार्यक्रमको प्रोफाईल तयार गरीं विद्यालयको प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समिति समक्ष पेश गर्ने,

(ङ) अभिभावकहरुलाई सम्वन्धित उद्यमको विषयमा अभिमुखिकरण गर्ने साथै समय समयमा अभिभावकहरुसँग बैठक वसी उद्यमशील कार्यक्रमको प्रगतिबारे जानकारी गराउने,

(च) उद्यमी समूहहरुले गरेको उद्यमको अभिलेखिकरण गर्नुको साथै सञ्चालित उद्यमबाट भएको कारोवारको हिसाव किताव राख्ने,

(छ) उद्यमशीलता प्रवर्द्धन कोषको आय व्ययको विवरण अद्यावधिक राख्ने तथा उद्यमी समूह तथा विद्यार्थीहरुले उद्यमशीलता प्रवर्द्धन कोषबाट लिएको सहुलियतपूर्ण कर्जाको हिसाव चुस्त दुरुस्त राखे,

(ज) छात्रवासको आय व्ययको विवरण अद्यावधिक राख्ने,

(झ) प्रत्येक महिनाको ७ गते भित्र र आर्थिक वर्ष व्यतित भएको एक महिना भित्र अघिल्लो महिना र वर्षसम्मको उद्यमको प्रगति, उद्यमशीलता प्रवर्द्धन कोष तथा छात्रवासमा भएको आय व्ययको विवरण विद्यालयका प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समिति समक्ष पेश गर्ने,

(ञ) उद्यमशीलता प्रवर्द्धन कोषको बार्षिक प्रगति प्रतिवेदन विद्यालय मार्फत नगरपालिकामा पेश गर्ने ।

१२. **उद्यमी समूह गठन गर्न सक्ने :** (१) कक्षा ९ देखि १२ सम्म अध्ययनरत विद्यार्थीहरुलाई उनीहरुको रुचि, क्षमता तथा सम्भाव्यताको आधारमा कुनै उद्यम वा व्यवसाय छनौट गर्न लगाई उद्यमशील कार्यमा संलग्न गराईने छ ।

(२) यसरी व्यवसाय छनौट गरेका विद्यार्थीहरुमध्ये एकै किसिमको व्यवसाय छनौट गर्ने विद्यार्थीहरुको सहभागितामा उद्यमी समूह गठन गरी व्यक्तिगत तथा सामूहिक उद्यमशीलताको समेत प्रवर्द्धन गिरनेछ ।

(३) उपदफा (२) बमोजिम गठन गरिएका उद्यमी समूहहरुले सामूहिकरुपमा उद्यम व्यवसाय सञ्चालन गर्न सक्नेछन् । यस कार्यको लागि विद्यार्थी उद्यमी क्लवले आवश्यक समन्वय गर्नु पर्नेछ ।

१३. **उद्यमशीलता प्रवर्द्धन कोष :** (१) विद्यालयमा उद्यमशील कार्यक्रम सञ्चालन गर्नको लागि एक उद्यमशीलता प्रवर्द्धन कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको उद्यमशीलता प्रवर्द्धन कोषको खाता विद्यालयका प्रधानाध्यापक र लेखा सम्वन्धी काम गर्ने कर्मचारीको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(३) उपदफा (१) बमोजिमको कोषबाट खर्च गर्दा यस कार्यविधिको दफा १० बमोजिमको विधार्थी उद्यमी क्लवको निर्णय बमोजिम गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम जम्मा हुनेछ :

(क) उद्यमशीलता प्रवर्द्धन कार्यक्रम सञ्चालन गरेबापत विद्यालयलाई प्राप्त आम्दानी,

(ख) उपदफा (५) को खण्ड (ख) बमोजिम उद्यमशीलता प्रवर्द्धनको क्षेत्रमा सहुलीयतपूर्ण कर्जा लगानीबाट प्राप्त भएको आम्दानी,

(ग) उद्यमशीलता प्रवर्द्धनको लागि नेपाल सरकारबाट प्राप्त अनुदान,

(घ) उद्यमशीलता प्रवर्द्धनको लागि कर्णाली प्रदेश सरकारबाट प्राप्त अनुदान,

(ङ) उद्यमशीलता प्रवर्द्धनको लागि नगरपालिकाबाट प्राप्त अनुदान,

(च) नगरपालिकासँगको समन्वयमा अन्य व्यक्ति र नेपाल भित्रका संघसंस्थाबाट उद्यमशीलता प्रवर्द्धनको लागि प्राप्त अनुदान,

(छ) नेपाल सरकारको स्वीकृतिमा विदेशी राष्ट्र वा संघसंस्थाबाट उद्यमशीलता प्रवर्द्धनको लागि प्राप्त रकम,

(ज) अन्य रकम ।

(५) उपदफा (१) बमोजिम स्थापना भएको उद्यमशीलता प्रवर्द्धन कोषबाट देहाय अनुसार खर्च गर्न सकिनेछ :

(क) उद्यम सञ्चालन, विस्तार तथा प्रवर्द्धनको क्षेत्रमा,

(ख) विद्यालयमा अध्ययनरत विद्यार्थीहरु तथा उद्यमी समूहले विद्यालय हाताभित्र वा आफ्नो घरमा कुनै उद्यम व्यवसाय सञ्चालन गर्नको लागि सहुलियतपूर्ण कर्जाको माग गरेमा विद्यार्थी उद्यमी क्लवको निर्णय बमोजिम वार्षिक बढिमा १ प्रतिसत व्याजदरमा कर्जा लगानी,

(ग) उद्यमशीलता प्रवर्द्धन कोषको आम्दानीको बढिमा २० प्रतिसत रकम नबढ्ने गरी विद्यार्थी उद्यमी क्लवको निर्णय बमोजिम विद्यार्थी कल्याण कार्यक्रममा,

१४. **विद्यार्थी कल्याण कार्यक्रम :** दफा १३ को उपदफा (५) खण्ड (ग) बमोजिमको रकम खर्च गर्दा आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका दलित, जनजाती, अपाङ्ग, अनाथ, विपन्न, जेहेन्दार तथा विद्यालयले उपयुक्त ठानेका अन्य विधार्थीहरुलाई छात्रवृत्ति, स्टेशनरी, शैक्षिक सामाग्री तथा उद्यम व्यवसाय सञ्चालन गर्न अनुदान सहायताका कार्यक्रमहरुमा खर्च गर्नु पर्नेछ ।

१५. **उद्यमशील कार्यक्रमको सञ्चालन र व्यवस्थापन :** (१) विद्यालय व्यवस्थापन समितिको प्रत्यक्ष निगरानीमा विधार्थी उद्यमी क्लवले विद्यालयमा सञ्चालन गरिने उद्यमशील कार्यक्रमको सञ्चालन तथा व्यवस्थापन गर्नेछ ।

(२) विद्यालयमा सञ्चालन गरिने उद्यमशील कार्यक्रमहरुको मोडालिटी देहाय अनुसार हुनेछ :

(क) उद्यमशील कार्यक्रम सञ्चालनको लागि विद्यालयले निःशुल्क जग्गा उपलव्ध गराउनु पर्नेछ,

(ख) विद्यालयको लगानी तथा विधार्थीहरुको सहभागितामा विभिन्न उद्यम व्यवसाय सञ्चालन,

(ग) उद्यमी समूहको सामुहिक लगानीमा विभिन्न उद्यम व्यवसाय सञ्चालन,

(घ) विधार्थी स्वयमको लगानीमा विभिन्न उद्यम व्यवसाय सञ्चालन,

(ङ) विद्यालयले नजिकै रहेका सामुदायिक वनसँग समन्वय गरी प्रचलित कानून बमोजिम सामुदायिक वन क्षेत्र भित्रको जग्गामा पनि विभिन्न उद्यमशील क्रियाकलापहरु सञ्चालन गर्न सक्नेछ ।

(३) उपदफा (२) को खण्ड (ख) बमोजिम सञ्चालित उद्यम व्यवसायको हकमा संलग्न विधार्थीहरुलाई विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार खाना तथा खाजा खर्च उपलव्ध गराउनु पर्नेछ भने खण्ड (ग) र (घ) बमोजिम सञ्चालित उद्यम व्यवसायको हकमा सम्वन्धित उद्यमी समूह र विधार्थीले विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार आफ्नो आम्दानीको निश्चित प्रतिसत रकम उद्यमशीलता प्रवर्द्धन कोषमा जम्मा गर्नु पर्नेछ ।

१६. **छात्रवास सञ्चालन गर्नसक्ने :** (१) विद्यालयले कक्षा ९-१२ का विधार्थीहरुलाई राख्नको लागि छात्रवास सञ्चालन गर्न सक्नेछ ।

(२) विद्यालयले छात्र तथा छात्रा दुवैको लागि छात्रवास तथा वार्डेनको व्यवस्था गर्नुपर्नेछ ।

(३) छात्रवासमा लाग्ने खर्च विधार्थी स्वयमले व्यहोर्नु पर्नेछ ।

(४) छात्रवासमा लागेको खर्चको अभिलेख राख्ने जिम्मेवारी दफा १० बमोजिमको विधार्थी उद्यमी क्लवको हुनेछ ।

(५) छात्रवास सञ्चालन सम्वन्धी अन्य व्यवस्था विधार्थी उद्यमी क्लवको परामर्शमा विद्यालय व्यवस्थापन समितिले तोके बमोजिम हुनेछ ।

१७. **छात्रवास सञ्चालन तथा व्यवस्थापन समिति :** यस कार्यविधिहरु दफा १० बमोजिमको विधार्थी उद्यमी क्लवले नै छात्रवास सञ्चालन तथा व्यवस्थापन समितिको रुपमा कार्य गर्नेछ ।

१८. **लेखा परीक्षण :** (१) उद्यमशील विद्यालयको लेखा परीक्षण दुल्लू नगरपालिकाको शिक्षा ऐन, २०७६ को दफा ९१ बमोजिम हुनेछ ।

१९. **प्रतिवेदन :** विद्यालयले विद्यालयमा भए गरेका गतिविधिहरुको प्रगति प्रतिवेदन तयार गरी विद्यालय व्यवस्थापन समिति मार्फत नगर कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

२०. **अनुगमन तथा सुपरीवेक्षण :** व्यवस्थापन समितिले कम्तिमा चौमासिक रुपमा विद्यालयका गतिविधिहरुको अनुगमन तथा सुपरीवेक्षण गरी प्रतिवेदन पेश गर्नु पर्नेछ ।

२१. **प्रचलित कानून बमोजिम हुने :** नरेश्वर विद्यालयलाई उद्यमशील विद्यालयको रुपमा सञ्चालनको सन्दर्भमा यस कार्यविधिमा उल्लेख गरिए वाहेकका विषयहरुको हकमा नेपाल सरकार, कर्णाली प्रदेश सरकार तथा दुल्लू नगरपालिकाको प्रचलित कानून बमोजिम हुनेछ ।

२२. **बचाऊ:** नगरपालिका तथा नरेश्वर उद्यमशिल विद्यालयले उद्यमशीलता प्रवर्द्धन सम्वन्धी यस अघि गरेका कार्यहरु यसै कार्यविधि बमोजिम गरिएको मानिनेछ ।

२३. **संशोधन गर्न सक्ने :** यो कार्यविधि तथा यसका कुनै दफामा कुनै संशोधन गर्नु परेमा नगर कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

२४. **बाधा अड्काउ फुकाउ अधिकार :** यस कार्यविधिको कार्यान्वयमा कुनै अन्यौलता उत्पन्न भएका बाधा अड्काउ फुकाउको अधिकार नगर कार्यपालिकामा रहनेछ ।

२५. **स्वत: खारेज हुने :** यो कार्यविधि तथा यसका कुनै दफा नेपालको संविधान र प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वत: खारेज भएको मानिने छ ।

आज्ञाले
ज्ञानमणि नेपाल
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

दुल्लु नगरपालिका नगर कार्यपालिकाको कार्यालय दुल्लु, दैलेख २०७३

प्रमाणीकरण मिति : २०७९।०९।१८



CamScanner